# खोरथली सामुदायीक वन उपभोक्ता समूह भी. न. पा. ३, ६ चरिकोट दोलखा

## काठ दाउरा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना
## प्रथम पटक सुचना प्रकाशित मिति : २०८३/०१/३१ गते

खोरथली सामुदायीक वन उपभोक्ता समूहको वनबाट भ्यूटावर मुनीको खेल मैदान स्थानमा घाटगद्दीमा बिभिन्न लटमा बिभाजित निम्न परिमाणको काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सुचना आर्थिक दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्नको लागि आह्वान गरिन्छ ।

तपसिल

१. वन पैदावरको विवरण

| वन पैदावरको | | | | | | मुल्याङ्कन रु | | कुल रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| क. सं. | लट नं. | जात | किसिम | थान | परिमाण (क्यू फि) | न्यूनतम | कटान खर्च | |
| १ | १ | पाटे/गोब्रे सल्ला | गोलिया | २००० | ६४६९.७ | ६,४६,९७०।- | ९,७०,४५५।- | १६,१७,४२५।- |
| २ | २ | पाटे/गोब्रे सल्ला | गोलिया | २००० | ५५०६.६९ | ५,५०,६६९।- | ८,२६,००४।- | १३,७६,६७३।- |
| ३ | ३ | पाटे/गोब्रे सल्ला | गोलिया | २६०० | ७२७४.५४ | ७,२७,४५४।- | १०,९१,१८१।- | १८,१८,६३५।- |
| | | | | ६६०० | १९२५०.९३ | | जम्मा रु | ४८,१२,७३३।- |

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय:

(क) अन्तिम मिति : २०८३/०२/२० गते (ख) समय : ५ बजे सम्म

३. बोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायीक वन उपभोक्ता समूहको नाममा नेपाल बैंक लिमिटेड चरिकोट शाखामा रहेको चल्ती खाता नं. १३०००१००६३९३८००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

४. बोलपत्र फारम प्रति लट रु १,०००।- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायीक वन उपभोक्ता समूहको कार्यालयबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावर खोरथली सामुदायीक वन उपभोक्ता समूहको भ्यूटावर मुनीको खेल मैदान स्थानमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपाइटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्र साथै कर चुक्ताको प्रतिलिपी र मुल्य अभिबृद्दि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नंम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०२/२१ गते विहान ११ बजे साछीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्दी कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावर तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्र सकार गरिएको रकम अंक र अक्षरमा दुबै लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायीक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

सम्पर्कको लागि ९८४४५५४०६०, ९८५४०४५४०५, ९८४९१८६५६२